# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, वैशाख २७ गते २०४७ साल (अतिरिक्ताङ्क ६ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको

### सूचना १

श्री ५ महाराजाधिराजबाट त्रिभुवन विश्वविद्यालयको कुलपतिको हैसियतले उपकुलपति श्री शंकरराज पाठक, शिक्षाध्यक्ष डा. दयानन्द वज्राचार्य र रजिष्ट्रार डा. नरोत्तमप्रसाद उपाध्यायले आ-आफ्नो पदबाट चढाई पठाउनुभएको राजीनामा स्वीकृत गरिबक्सेको छ । रिक्त हुन आएको पदमध्ये उपकुलपतिको पदका लागि सिफारिश चढाउन शिक्षा तथा संस्कृति मन्त्री डा. केशरजंग रायमाझीको संयोजकत्वमा एक समिति गठन हुनेछ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट महेन्द्र संस्कृत विश्वविद्यालयको कुलपतिको हैसियतले उपकुलपति डा. हरिदेव मिश्र, शिक्षाध्यक्ष श्री विद्यानाथ उपाध्याय र कुल-सचिव श्री केशवदीपक शर्माले आ-आफ्नो पदबाट चढाई पठाउनुभएको राजिनामा स्वीकृत गरिबक्सेको छ । रिक्त हुन आएको पदमध्ये उपकुलपतिको लागि सिफारिश चढाउन शिक्षा तथा संस्कृति मन्त्री डा. केशरजंग रायमाझीको संयोजकत्वमा एक समिति गठन हुनेछ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।